नेपाल राष्ट्र बैंक समाचार

वर्ष ५० | अङ्क ५ | माघ २०८२ | जनवरी-फेब्रुअरी २०२६

’आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशा“ विषयक अन्तरक्रिया

'आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशा' विषयक अन्तरक्रिया कार्यक्रम पुस ८ गते काठमाडौंमा सम्पन्न भएको छ ।

अर्थविद्, आर्थिक तथा वित्तीय क्षेत्रका सरोकारवाला संघसंस्थाका प्रतिनिधिको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले मुलुकमा पूर्वाधार विकासको स्थिति कमजोर रहेको उल्लेख गर्दै पूर्वाधार संरचना विस्तारको निम्ति संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । साथै, पूर्वाधार विकासमा वैदेशिक लगानी परिचालनका निम्ति नीतिगत र संरचनागत वातावरण सहज हुनुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । समष्टिगत अर्थतन्त्रको पृष्ठभूमि, अर्थतन्त्र र वित्तीय क्षेत्रको स्थिति, विद्यमान चुनौती र त्यसलाई सम्बोधन गर्न सरकार र राष्ट्र बैंकबाट भएका नीतिगत प्रयास र दीर्घकालीन सुधारको मार्गचित्रबारे चर्चा गर्नुभयो ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवम् अर्थविद् पृथ्वीराज लिगलले कार्यपत्रमाथि टिप्पणी गर्दै कुल राष्ट्रिय बचत बढ्दै जाँदा लगानीको अनुपात चाहिँ कमजोर रहेको विचार व्यक्त गर्नुभयो । बाह्य क्षेत्रको स्थिति सबल देखिए तापनि अर्थतन्त्रका अन्य परिसूचकहरू निकै कमजोर रहेको टिप्पणी उहाँले गर्नुभयो । अहिलेको अधिक तरलतालाई उत्पादनमूलक क्षेत्रमा लगानी नबढाउँदासम्म अर्थतन्त्र सुधार नहुने उहाँको भनाइ थियो ।

अर्थविद् डा. गोविन्द नेपालले विदेशी विनिमय सञ्चितिलाई उत्पादनमूलक र पूर्वाधार विकासको क्षेत्रमा परिचालनका निम्ति सरकारले प्रयास गर्नुपर्ने धारणा राख्नुभयो । अर्थशास्त्री डा. कल्पना खनालले ब्याजदर निरन्तर घट्दै जाँदा त्यसले पुँजी पलायनलाई प्रश्रय मिल्नसक्ने उल्लेख गर्दै उपलब्ध वित्तीय स्रोतलाई पूर्वाधार परियोजनामा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । यसै गरी, राष्ट्रिय आयोगका पूर्व सदस्य एवम् सह-प्राध्यापक डा. रमेशचन्द्र पौडेलले मुलुकको अर्थतन्त्र शिथिल रहेको उल्लेख गर्दै वैदेशिक लगानी परिचालन र उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका निम्ति वित्त नीति सबल हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका उच्च अधिकारी, राष्ट्र बैंकका उच्च अधिकारी, उद्योगी/व्यवसायी, बैंकर, सञ्चारकर्मी र आर्थिक तथा वित्तीय क्षेत्रसम्बद्ध अन्य निकायका प्रतिनिधिको सहभागिता थियो । प्रस्तुत कार्यपत्र र अर्थतन्त्रको समसामयिक स्थितिबारे सहभागीका तर्फबाट विभिन्न सुझाव र धारणा राखिएको थियो । सो अवसरमा बैंकका प्रवक्ता एवम् मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै वित्तीय क्षेत्रलाई सुदृढ र गतिशील बनाउनका निम्ति राष्ट्र बैंकबाट भइरहेका प्रयासबारे जानकारी दिनुभयो ।

आर्थिक अनुसन्धान विभागका सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभयो । ■

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाइले पुस ८ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणमा अन्तरनिकाय सहकार्य, समन्वय र पृष्ठपोषणमा केन्द्रित रहेर आयोजित कार्यक्रममा नियमनकारी निकाय, सूचक संस्था, कानुन कार्यान्वयन गर्ने निकाय, अनुसन्धानकारी तथा अभियोजनकारी निकाय र अन्य सरोकारवालाको सहभागिता थियो ।

सो अवसरमा गभर्नर पौडेलले राष्ट्रको सार्वभौमिकता र अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच सन्तुलन कायम गर्दै विश्वस्तरीय मापदण्डलाई स्वदेशी समन्वय प्रणालीमार्फत कार्यान्वयन गर्नु नै वित्तीय पारदर्शिता र प्रणालीगत निष्ठाको आधार रहेको धारणा राख्नुभयो । वित्तीय अपराधका प्रवृत्तिलाई नियन्त्रणका लागि सम्बद्ध निकायबीच सुदृढ समन्वय हुनुपर्ने आवश्यकता गभर्नर पौडेलले औँल्याउनुभयो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटाले नेपालमा सम्पत्ति शुद्धीकरण निवारणका लागि सुदृढ कानुनी र नीतिगत आधार रहेको उल्लेख गर्दै तिनको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको बताउनुभयो । कसुरजन्य सम्पत्तिको जफत र अदालतका फैसलाको प्रभावकारी कार्यान्वयनबाट नेपाल एफएटीएफको उच्च निगरानी सूचीबाट बाहिरिन सहयोग पुग्ने उहाँको भनाइ थियो । यसै गरी, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख डा. मनोजकुमार केसीले सम्पत्ति शुद्धीकरणसम्बद्ध अपराध प्रायः आर्थिक, राजनीतिक पहुँच भएका व्यक्तिसँग सम्बन्धित हुने भएकाले विशिष्टीकृत अनुसन्धान संरचनाको आवश्यकता रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, पर्यटन विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल प्रहरीका केन्द्रीय अनुसन्धान ब्यूरो, लागूऔषध नियन्त्रण ब्यूरो, अपराध अनुसन्धान विभाग र साइबर ब्यूरो, नेपाल बीमा प्राधिकरण, धितोपत्र बोर्ड, सहकारी विभाग, सहकारी नियमन प्राधिकरण, नेपाल बार काउन्सिल, नेपाल नोटरी पब्लिक काउन्सिल तथा समाज कल्याण परिषद्का प्रतिनिधिको सहभागिता थियो । यसै गरी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, सहकारी संस्था, भुक्तानी सेवा प्रदायक, क्यासिनो, गैर-वित्तीय व्यवसायी तथा पेसाकर्मीको समेत कार्यक्रममा सहभागिता थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाइका प्रमुख वासुदेव भट्टराईले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका सन्दर्भमा अन्तरनिकाय समन्वयको औचित्यबारे स्पष्ट पार्दै गो-एएमएल प्रणालीमार्फत हुने रिपोर्टिङ, शङ्कास्पद र सीमा कारोबारको विश्लेषण र सूचना/जानकारी सम्प्रेषणमा इकाइले हासिल गरेका प्रगतिबारे जानकारी दिनुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले 'सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा नियमनकारी निकायको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्दै नेपालमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी र नीतिगत व्यवस्था, सम्बद्ध निकायबीचको संस्थागत समन्वय, जोखिममा आधारित सुपरिवेक्षण, सूचक संस्थाबाट हुने रिपोर्टिङ, पारस्परिक मूल्याङ्कनपश्चात् देखिएका सुधार र आगामी दिशाबारे जानकारी दिनुभयो ।

नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरोका वरिष्ठ प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठ र प्रहरी निरीक्षक सुदीप थापाले 'सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण प्रणालीमा अनुसन्धान तथा अभियोजन निकायको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रस्तुतिमा शङ्कास्पद कारोबारको विश्लेषणबाट अनुसन्धान सुरु हुने प्रक्रिया, आर्थिक अपराधमा प्रयोग हुने जटिल संरचना, उच्चपदस्थ तथा प्रभावशाली व्यक्तिको संलग्नका कारण उत्पन्न हुने अनुसन्धानात्मक चुनौती, इकाइबाट प्राप्त वित्तीय सूचनाको प्रयोग, सम्पत्ति पहिचान, रोक्का तथा जफतको प्रक्रिया तथा प्रभावकारी अभियोजनका लागि अन्तरनिकाय सहकार्यको आवश्यकता औँल्याइएको थियो ।

कार्यक्रमअन्तर्गत विज्ञहरूको सहभागितामा आयोजित प्यानल छलफलमा सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका निर्देशक आर्या जोशीले सूचक संस्थाले वित्तीय अपराधको सशक्त रोकथाम र पहिचान संयन्त्र विकास गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले वास्तविक धनी पहिचानको प्रक्रिया नेपालका लागि प्रमुख चुनौती रहेको उल्लेख गर्दै परिचय प्रमाणीकरणका निम्ति सबल संयन्त्र आवश्यक रहेको धारणा राख्नुभयो । नायब महान्यायधिवक्ता संजीवराज रेग्मीले जोखिममा आधारित दृष्टिकोण अवलम्बन गर्दै सूचक संस्था, इकाइ, अनुसन्धानकर्ता र अभियोजकबीच समानस्तरको बुझाइ र समन्वय आवश्यक रहेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले प्यानल छलफलको सहजीकरण गर्नुभयो भने इकाइका सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले पुस २ गते काठमाडौंमा बैंकिङ तथा वित्तीय क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले कर्जा वृद्धिको प्रभाव मुलुकको अर्थतन्त्रमा नदेखिएको टिप्पणी गर्नुभयो। पछिल्लो दशकमा कर्जाको वृद्धिदर उल्लेख्य रहे पनि मुलुकको आर्थिक वृद्धिमा यसको प्रभाव नदेखिएको उहाँको भनाइ थियो। हाल वित्तीय स्रोत पर्याप्त रहेर पनि दक्ष जनशक्तिको अभावमा त्यसको समुचित परिचालन हुन नसकेको धारणा गभर्नर पौडेलले व्यक्त गर्नुभयो। नेपालमा कृषि प्रवर्द्धनको सम्भावना भएर पनि यसको सदुपयोग हुन नसकेको उल्लेख गर्दै उहाँले वित्तीय स्रोत र विशेषज्ञताबीच सम्बन्ध स्थापित गर्न बैंकहरूको भूमिका हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले 'देशको वर्तमान आर्थिक स्थिति र मौद्रिक नीतिको व्यवस्था' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेलले कर्जाका सम्बन्धमा राष्ट्र बैंकद्वारा जारी निर्देशन र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले कर्जासम्बन्धी निर्देशनको कार्यान्वयन अवस्था, समस्या र समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। तीन वटै कार्यपत्रउपर सहभागीहरूबीच छलफलसमेत भएको थियो। डेपुटी गभर्नर मिश्रले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा बैंकका विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशकहरूको उपस्थिति थियो। सो अवसरमा नियमन विभागका निर्देशक गोविन्दप्रसाद नागिलाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक उर्मिला सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

सार्वजनिक खरिद प्रक्रियासम्बन्धी अन्तरक्रिया

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले पुस २८ गते काठमाडौंमा सार्वजनिक खरिदसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा आयोजित उक्त कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खरिद प्रणाली सञ्चालन निर्देशिका तथा विद्युतीय बोलपत्रका सम्बन्धमा केन्द्रित थियो। सो अवसरमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका कार्यकारी निर्देशक, निर्देशकहरू र खरिद प्रक्रियामा संलग्न कर्मचारीहरूको उपस्थिति थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले बैंकका उच्च पदस्थ कर्मचारीको सहभागितामा आयोजित उक्त कार्यक्रमबाट सार्वजनिक खरिद प्रक्रियाका विविध पक्षबारे जानकारी प्राप्त हुने उल्लेख गर्दै त्यसले बैंकको खरिद प्रक्रियालाई सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो। विद्यमान कानुनी व्यवस्थाअनुरूप असल मनसायबाट हुने खरिद प्रक्रियाले संस्थाको छवि उच्च रहने उहाँको भनाइ थियो।

सो अवसरमा सार्वजनिक खरिद विज्ञ सुरेश प्रधानले वस्तु तथा सेवा र परामर्श सेवा खरिद प्रक्रियामा देखिएका मुख्य समस्या र समाधानका उपाय र सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक अमोद उलकले सार्वजनिक खरिद प्रणाली र विद्युतीय बोलपत्र सञ्चालनसम्बन्धी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो। प्रस्तुत कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले कार्यक्रमको स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र महत्त्वबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक सुधा विष्ट थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

तरलता व्यवस्थापनसम्बन्धी गोष्ठी

मौद्रिक व्यवस्थापन विभागले पुस २५ गते काठमाडौंमा बैंक तथा वित्तीय संस्थामा तरलता व्यवस्थापनको उद्देश्य, महत्त्व तथा प्रभावका विषयमा गोष्ठी आयोजना गर्‍यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बैंकका प्रवक्ता, आर्थिक अनुसन्धान विभाग, भुक्तानी प्रणाली विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशकहरू र बैंक तथा वित्तीय संस्थाको ट्रेजरी व्यवस्थापनसँग सम्बन्धित उच्च अधिकारीहरूको सहभागिता थियो ।

कार्यक्रममा गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम राख्नेगरी खुला बजार कारोबार सञ्चालन गर्नु चुनौतीपूर्ण देखिए तापनि ब्याजदरमा आधारित मौद्रिक प्रसार संयन्त्रलाई थप सुदृढ बनाउन ब्याजदर करिडोरको कार्यान्वयनमा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गरिँदै आइएको धारणा राख्नुभयो । डेपुटी गभर्नर मिश्रले विद्यमान बैंकिङ प्रणालीको तरलता व्यवस्थापन गरी वित्तीय बजारलाई गतिशील बनाउन र ब्याजदर स्थायित्व कायम गर्नका लागि राष्ट्र बैंक प्रतिबद्ध रहेको बताउनुभयो ।

सो अवसरमा मौद्रिक व्यवस्थापन विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले 'बैंकिङ क्षेत्रको तरलता व्यवस्थापनमा केन्द्रीय बैंकको भूमिका, नीतिगत व्यवस्था, कार्यान्वयनको अवस्था तथा चुनौती' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत सर्वेन्द्र मिश्रले बैंक तथा वित्तीय संस्थामा ट्रेजरी अपरेसन र तरलता व्यवस्थापन सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

विभागका कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक ममता केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

वीरगञ्जमा केन्द्रीय बैंकको भूमिकासम्बन्धी अन्तरक्रिया

वीरगञ्ज कार्यालयले पुस ४ गते 'Role of Central Bank in Transforming Economies: Central and Regional (Madhesh) Prospects' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर पौडेलले सडकलगायतका अन्य पूर्वाधार परियोजनामा भइरहेका लगानीले समग्र अर्थतन्त्रलाई गतिशील बनाउने उल्लेख गर्दै उच्च मनोबलका साथ अगाडि बढ्न सरोकारवाला निकाय र संघ-संस्थाका प्रतिनिधिलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश/शाखा प्रमुख, प्राध्यापक, उद्योगी, व्यवसायी, युवा उद्यमी, पत्रकार र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले वर्तमान आर्थिक स्थिति, मौद्रिक नीतिको भूमिका र अन्य समसामयिक विषयलाई समेटेर प्रस्तुति दिनुभयो । वीरगञ्ज कार्यालयका निर्देशक सुशील पौडेलले 'Role of Central Bank in Transforming Economies: Central and Regional (Madhesh) Prospects' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच समसामयिक आर्थिक तथा वित्तीय अवस्थाबारे छलफल भएको थियो । सो अवसरमा सहभागीका तर्फबाट विभिन्न नीतिगत सुझाव र जिज्ञासा राखिएको थियो ।

कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको समेत उपस्थिति थियो । वीरगञ्ज कार्यालयका उप-निर्देशक जगदिश कुमारले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सन्देशकुमार ठाकुरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

BOK- KPP, 2025 कार्यक्रमको अन्तिम सेमिनार सम्पन्न

बैंक अफ कोरिया, डङ्गक युनिभर्सिटी र नेपाल राष्ट्र बैंकको संयुक्त प्रयासमा सञ्चालित 'Bank of Korea - Knowledge Partnership Program (BOK-KPP), 2025' कार्यक्रमको अन्तिम सेमिनार पुस २४ गते पोखरामा सम्पन्न भएको छ।

कार्यक्रममा विशेष मन्तव्य राख्दै वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले BOK-KPP कार्यक्रम वित्तीय क्षेत्रका समसामयिक विषयमा अध्ययन/अनुसन्धान र राष्ट्र बैंकका कर्मचारीको क्षमता अभिवृद्धिका लागि प्रभावकारी मञ्चको रूपमा स्थापित भएको धारणा राख्नुभयो। यस वर्षको कार्यक्रमले पुँजी खाता उदारीकरणमा कोरियाली अनुभव नीति निर्माता र सरोकारवालाका लागि महत्त्वपूर्ण हुने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा गभर्नर कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले स्वागत मन्तव्य राख्नुभयो भने 'BOK-KPP, 2025' का वरिष्ठ सल्लाहकार एवम् बैंक अफ कोरियाका पूर्व डेपुटी गभर्नर मिन्हो किमले उद्घाटन मन्तव्य राख्दै परियोजनाका विविध पक्षबारे प्रकाश पार्नुभयो।

कार्यक्रमको पहिलो सत्रमा कोरियाली टोलीको तर्फबाट अनुसन्धानकर्ता डा. ह्योङ जुन किमले विदेशी विनिमय उदारीकरणको विषय र डङ्गक युनिभर्सिटीका प्राध्यापक डा.डोङ ह्युन चोइले पुँजी खाता उदारीकरणका आर्थिक प्रभाव र यसको 'केस स्टडी'बारे कार्यपत्र प्रस्तुत गर्नुभयो। राष्ट्र बैंकको अनुसन्धान टोलीका तर्फबाट सहायक निर्देशक मुकेशप्रसाद साहले नेपालको विदेशी विनिमय नीति र पुँजी खाता उदारीकरणको अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रमको दोस्रो सत्रमा सिउङ जे होङले पुँजी खाता उदारीकरणको क्रमबद्धता र रैह्युङ पार्कले उदार पुँजी खाता व्यवस्थामा पुँजी प्रवाहको व्यवस्थापनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। तत्पश्चात् सहभागीहरूबीच कार्यपत्रउपर छलफल भएको थियो। कार्यक्रममा 'BOK-KPP, 2025' परियोजनाका संयोजक प्राध्यापक जुनेस यिले धन्यवाद ज्ञापनसहितको मन्तव्य राख्नुभयो भने विदेशी व्यवस्थापन विभागका कार्यकारी निर्देशक किरण पण्डितले समापन मन्तव्य राख्नुभएको थियो।

यस वर्षको कार्यक्रमअन्तर्गत तीनवटै निकायका संयुक्त अनुसन्धान टोलीले 'Liberalization of Foreign Exchange Policy and Capital Flow Management' विषयमा अध्ययन/अनुसन्धान गर्नेगरी २०८२ साउन १८ गते सोसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो। बैंक अफ कोरियाको तर्फबाट BOK-KPP कार्यक्रम कार्यान्वयनमा ल्याइएको यो नवौं पटक हो। सन् २०१७ बाट उक्त कार्यक्रम सुरु भएको थियो। ■

सञ्चालक आचार्यद्वारा सुर्खेत कार्यालयको अवलोकन

नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा. शङ्करप्रसाद आचार्यले पुस ३ गते सुर्खेत कार्यालयको अवलोकन गर्नुभयो।

त्यस क्रममा सञ्चालक आचार्यले राष्ट्र बैंक एक प्रतिष्ठित संस्था रहेको उल्लेख गर्दै उत्तरदायी र अनुशासित भई कार्यसम्पादन गर्न कार्यालयका कर्मचारीहरूलाई आग्रह गर्नुभयो। सो अवसरमा उहाँले बैंकको स्वामित्वमा रहेको सुर्खेतस्थित जग्गाको समेत निरीक्षण गर्नुभयो। सो अवसरमा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक दीपकराज लामिछानेको समेत सहभागिता थियो।

सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले सञ्चालक आचार्य र कार्यकारी निर्देशक लमिछानेलाई स्वागत गर्दै कार्यालयको वस्तुस्थिति र कामकारबाहीबारे जानकारी गराउनुभएको थियो। ■

सूचनाको हकसम्बन्धी अनुशिक्षण

गभर्नरको कार्यालयले पुस ६ गते काठमाडौंमा 'सूचनाको हकसम्बन्धी अनुशिक्षण' कार्यक्रम आयोजना गऱ्यो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बैंकका प्रदेशस्थित कार्यालयका सूचना अधिकारी, विभिन्न विभाग/कार्यालयका सूचनाको हकसम्बन्धी सम्पर्क अधिकारी तथा 'ख' र 'ग' वर्गका वित्तीय संस्थाका सूचना अधिकारीहरूको सहभागिता थियो ।

सो अवसरमा प्रमुख सूचना आयुक्त आचार्यले सूचनाको हकको विश्वव्यापी अभ्यास, नेपालमा यसको संवैधानिक र कानुनी व्यवस्था, सूचनाको हकको कार्यान्वयन स्थिति, कार्यान्वयनमा देखिएका समस्या, चुनौती र सुधारका कार्यदिशाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसै गरी, बैंकका सूचना अधिकारी एवम् गभर्नरको कार्यालयका का.मु. निर्देशक सुमन नेउपानेले नेपाल राष्ट्र बैंकमा सूचना र सञ्चारसम्बन्धी अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले केन्द्रीय बैंक सञ्चारको अवधारणा, नेपाल राष्ट्र बैंकको सूचना तथा सञ्चार नीति, बैंकमा यससम्बन्धी अभ्यास, सूचनाको हक सम्बन्धमा बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको व्यवस्था, समस्या, चुनौती र सुधारका सम्भावनाबारे चर्चा गर्नुभयो । दुवै कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच सूचनाको हकका व्यावहारिक अभ्यासबारे छलफल भएको थियो ।

कार्यक्रममा बैंकका प्रवक्ता एवम् मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले सूचनाको हकसम्बन्धी संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाको अधीनमा रहेर यसको कार्यान्वयन गर्न वित्तीय संस्थाका सूचना अधिकारीहरूलाई आग्रह गर्नुभयो । सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले समापन मन्तव्य राख्दै सूचनाको हकसम्बन्धी व्यवस्थालाई कार्यान्वयनको निम्ति राष्ट्र बैंकबाट भएका अभ्यासबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीको समेत उपस्थिति थियो । उप-निर्देशक डा. सञ्जयप्रसाद मिश्रले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक महेशदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

विद्युतीय बोलपत्रसम्बन्धी अनुशिक्षण कार्यक्रम



सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले मङ्सिर २७ गते काठमाडौंमा विद्युतीय प्रणालीमार्फत गरिने विद्युतीय बोलपत्र प्रक्रियाका सम्बन्धमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक अमोद उलकले विद्युतीय बोलपत्रसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विद्युतीय प्रणालीमार्फत गरिने वस्तु तथा सेवा खरिद, परामर्श सेवा र निर्माणको बोलपत्र आह्वान प्रक्रियाबारे जानकारी दिनुभयो । साथै, निर्देशक उलकले विद्युतीय बोलपत्रका प्रक्रियागत समस्याबारे सहभागीले राखेका जिज्ञासाको समेत जवाफ दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक नेपालले सार्वजनिक खरिदसम्बन्धी विषय गहन र महत्त्वपूर्ण रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले सार्वजनिक खरिदका विषयमा कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक गिरिजाप्रसाद कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

'सोमबारे पाक्षिक ज्ञान' कार्यक्रमको सुरुआत

आर्थिक अनुसन्धान विभागले मातहतका कर्मचारीमा ज्ञान आदानप्रदान गर्ने उद्देश्यका साथ 'सोमबारे पाक्षिक ज्ञान' कार्यक्रम सुरुआत गरेको छ।

विभागले डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा पुस १४ गते उक्त कार्यक्रमको पहिलो श्रृङ्खला सुरु गरेको हो। पहिलो शृङ्खलाको उद्घाटन गर्दै डेपुटी गभर्नर मिश्रले कार्यक्रमको सफलताको निम्ति शुभकामना दिनुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले कार्यक्रमको अवधारणा र रूपरेखाबारे जानकारी दिँदै उक्त शृङ्खलालाई ज्ञान केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको बताउनुभयो। कार्यक्रमको पहिलो शृङ्खलामा निर्देशक सत्येन्द्रराज सुवेदीले स्थिर मुद्रा (Stable Coins) विषयमा वार्ता प्रस्तुत गर्दै विश्वमा विनिमयका माध्यम र मूल्यको सञ्चय गर्न सकिने गरी स्थिर मुद्राको विकास भइरहेको सन्दर्भमा यसका सैद्धान्तिक र व्यावहारिक पक्षबारे चर्चा गर्नुभयो।

यसै क्रममा विभागले पुस २८ गते कार्यक्रमको दोस्रो शृङ्खला आयोजना गऱ्यो। सो अवसरमा निर्देशक माधव दंगालले 'Real Estate Market in China: Macroeconomic Implication and Recovery Measures' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। उहाँले सम्पत्तिको मूल्यमा आउने उछालले प्रणालीगत जोखिम सिर्जना गर्नसक्ने उल्लेख गर्दै सम्पत्ति बजारमा सट्टेबाजी नियन्त्रणका निम्ति बैंकहरूको ऋण समयमै नियमन गर्ने, घरजग्गाको मूल्य निगरानी गर्नुपर्ने, समष्टिगत उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो। प्रत्येक महिना पाक्षिक रूपमा दुई पटक उक्त श्रृङ्खला सञ्चालन हुने विभागले जनाएको छ। ■

इकाइद्वारा सूचक संस्थाहरूसँग पृष्ठपोषण र अन्तरक्रिया

वित्तीय जानकारी इकाइले पुस १ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण र पृष्ठपोषणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

नियमनकारी निकाय, सूचक संस्था, ती संस्थाका एसोसिएसनका प्रतिनिधिको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा इकाइ र सूचक संस्थाहरूबाट चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। नेपाल बैंकर्स संघका तर्फबाट चन्दन रौनियार र सगुन पाठकले सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा बैंक तथा वित्तीय संस्थाले भोग्नुपरेका समस्याबारे प्रस्तुति दिनुभयो।

यसै गरी, शिखर इन्स्योरेन्सका कार्यान्वयन अधिकारी ओजश्वी श्रेष्ठ, नेपाल लाइफ इन्स्योरेन्सका कार्यान्वयन अधिकारी ओमप्रकाश पुडासैनी र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सका कार्यान्वयन अधिकारी रवि सर्राफले अलग-अलग प्रस्तुति दिनुभयो। धितोपत्र क्षेत्रका तर्फबाट नेपाल स्टक ब्रोकर्स एसोसिएसनका उपाध्यक्ष नितेशकुमार अग्रवालले कार्यपत्र प्रस्तुत गर्नुभयो। उहाँहरूको कार्यपत्रमा शङ्कास्पद कारोबारको रिपोर्टिङमा रहेका क्षेत्रगत समस्या, नियामक निकाय र इकाइले जारी गर्ने नीति/निर्देशनमा आवश्यक सुधारका विषय, गो-एएमएल रिपोर्टिङका चुनौती, असल अभ्यास, आ-आफ्नो क्षेत्रसँग सम्बन्धित पारस्परिक मूल्याङ्कनले औँल्याएका कैफियत र सुधारका प्रयासमाथि केन्द्रित थियो।

कार्यक्रममा इकाइका उप-निर्देशक सचिनराज पियाले इकाइमा प्राप्त शङ्कास्पद कारोबार विवरणको विश्लेषणका क्रममा प्राप्त सुझाव, अनुसन्धानकारी तथा कानुन कार्यान्वयन गर्ने निकायबाट प्राप्त सुझावका आधारमा समग्र र क्षेत्रगत पृष्ठपोषणसहितको प्रस्तुति दिनुभएको थियो।

सो अवसरमा इकाइका प्रमुख वासुदेव भट्टराईले सूचक संस्थाको भूमिका, नेपालको पारस्परिक प्रतिवेदनले औँल्याएका सुधार गर्नुपर्ने विषयमा हालसम्म भएका प्रगति र अन्तरनिकाय सहकार्यको आवश्यकताबारे धारणा राख्नुभयो।

कार्यक्रममा वित्तीय क्षेत्रका नियामक निकाय, बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, बीमा कम्पनी, स्टक ब्रोकर कम्पनी, मर्चेन्ट बैंकर्स, भेञ्चर क्यापिटल, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय बचत तथा ऋण केन्द्रीय संघ, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक, नेपाल रेमिटर्स एसोसियसन र विदेशी मुद्रा सटही व्यवसायी संघका प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी कार्यक्रम

बैंक सुपरिवेक्षण विभागले पुस १६ गते 'स्थलगत निरीक्षणमा एसआईएसको प्रयोग' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलको उपस्थितिमा आयोजित कार्यक्रममा सोही विभागका निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक र अन्य कर्मचारीको सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशक विवेक दाहालले 'Use of SIS in Onsite Inpsection' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले एसआईएसबाट प्राप्त तथ्याङ्क र विवरणको विश्लेषण गरी स्थलगत निरीक्षणलाई प्रभावकारी बनाउने उपायबारे जानकारी दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक रावलले एसआईएसमार्फत बैंक तथा वित्तीय संस्थाले धेरै विवरण र तथ्याङ्क पेस गर्ने भएकाले पनि यसको प्रयोग गरेर निरीक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक रञ्जना पौडेलले उक्त विभागमा एसआईएसलाई गैरस्थलगत सुपरिवेक्षणमा मात्र प्रयोग भइरहेको र आउँदा दिनमा स्थलगत निरीक्षणमा पनि यसको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विभागका निर्देशक ईश्वरीप्रसाद भट्टराईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रदिपनारायण सिंहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, बैंक सुपरिवेक्षण विभागले पुस २४ गते काठमाडौंमा वाणिज्य बैंकका रिपोर्टिङ अधिकृतहरूसँग सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलको उपस्थितिमा आयोजित कार्यक्रममा विभागका निर्देशकहरू, विभिन्न विभागका कर्मचारी, वाणिज्य बैंक र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक सिद्धराज भट्ट र सहायक निर्देशक आयुष मानन्धरले 'एसआईएस रिपोर्टिङ' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँहरूले एसआईएस प्रणालीमा तथ्याङ्क रिपोर्टिङका क्रममा देखिएका प्रमुख समस्या र समाधानका उपायबारे जानकारी दिनुभयो । तत्पश्चात् सहभागीहरूबीच छलफल भएको थियो । निर्देशक ईश्वरीप्रसाद भट्टराईले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक रावलले बैंक तथा वित्तीय संस्थाबाट सही र यथार्थपरक तथ्याङ्क प्राप्त भएमा मात्र उपयुक्त नीतिगत व्यवस्था तर्जुमा गर्न सहज हुने धारणा राख्नुभयो भने निर्देशक मीना पाण्डेले समापन मन्तव्य राख्दै एसआईएसको तथ्याङ्क गुणस्तरमा धेरै सुधार आएको जानकारी दिनुभयो ।

कार्यक्रममा विभागका निर्देशक सुबास आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक आयुष मानन्धरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

शङ्कास्पद विदेशी मुद्राको पहिचान र कारोबार रोकथामसम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागले पुस १३ गते चितवनको सौराहामा 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण र शङ्कास्पद विदेशी मुद्राबाट हुनसक्ने कारोबार रोकथाम' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

बैंकिङ विभागका विभागका कार्यकारी निर्देशक रोशनकुमार सिग्देलको उपस्थितिमा आयोजित कार्यक्रममा विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त वाणिज्य बैंक, विकास बैंक, मनिचेञ्जर, होटेल, सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, आयोजक विभागसँगै प्रदेशस्थित कार्यालयका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा विभागका का.मु निर्देशक पुष्पा अधिकारीले 'नगद विदेशी मुद्राको कारोबारसम्बन्धी नियम तथा सीमा रहने जोखिम' र उप-निर्देशक माधवप्रसाद पोखरेलले 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। प्रस्तुत कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो।

कार्यक्रममा समापन मन्तव्य राख्दै विभागका कार्यकारी निर्देशक सिग्देलले शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण र त्यस्तो मुद्राबाट हुनसक्ने कारोबार रोकथामका सन्दर्भमा उक्त कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक राजन पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

कपिलवस्तुमा नोटको सुरक्षण विशेषता र सफा नोट नीतिसम्बन्धी गोष्ठी

मुद्रा व्यवस्थापन विभागले पुस १८ गते कपिलवस्तुको चन्द्रौटामा नोटको सुरक्षण विशेषता, जाली नोट पहिचान र सफानोट नीतिसम्बन्धी गोष्ठी आयोजना गऱ्यो।

विभागका कार्यकारी निर्देशक अनुज दाहालको उपस्थितिमा आयोजित कार्यक्रममा चन्द्रौटा आसपासका बैंक तथा वित्तीय संस्था, वित्तीय कारोबार गर्ने अन्य संस्था, उद्योग वाणिज्य संघ र व्यापार संघका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, खुद्रा व्यवसायी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शिक्षकलगायतको सहभागिता थियो।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रमेश आचार्यले सफा नोट नीति र जाली नोटसम्बन्धी नीतिगत व्यवस्था र मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक रुकु पन्थीले नोटको सुरक्षण विशेषता तथा जाली नोट पहिचानसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। सो अवसरमा व्यापार संघ, कपिलवस्तुका अध्यक्ष महादेव पोखरेलले बैंकनोट राज्यको सम्पत्ति रहेको उल्लेख गर्दै यसको संरक्षणमा सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा कार्यकारी निर्देशक दाहालले समापन मन्तव्य राख्दै जाली नोटको कारोबारलाई नियन्त्रण र निरुत्साहित गर्न, नोटका सुरक्षण विशेषताबारे चेतना अभिवृद्धि गर्न र सफा नोट नीतिको प्रभावकारी कार्यान्वयनका निम्ति सबै सरोकारवालाको सहयोग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

सो अवसरमा मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक लेखनाथ दाहालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक डम्बरदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

विद्युतीय भुक्तानी प्रणालीको नयाँ आयाम: भर्चुअल क्रेडिट कार्ड

पुष्करराज भट्टराई
उप-निर्देशक

भुक्तानी प्रणालीको अवधारणा

भुक्तानी प्रणाली भन्नाले आर्थिक कारोबारलाई सुरक्षित र प्रभावकारी ढङ्गले एक पक्षबाट अर्को पक्षमा रकम हस्तान्तरण गर्ने संयन्त्रलाई बुझिन्छ । यसमा नगद, चेक, डेबिट कार्ड, क्रेडिट कार्ड, इलेक्ट्रोनिक फन्ड ट्रान्सफर, मोबाइल बैंकिङ र क्यूआर भुक्तानी जस्ता विभिन्न माध्यम समावेश हुन्छन् । आधुनिक भुक्तानी प्रणालीले वित्तीय समावेशीकरणलाई बढावा दिनुका साथै अर्थतन्त्रलाई डिजिटलाइज गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपालमा नेपाल राष्ट्र बैंकको नियमनमा विभिन्न भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकले काम गरिरहेका छन् ।

भर्चुअल क्रेडिट कार्डको अर्थ र परिभाषा

भर्चुअल क्रेडिट कार्ड (Virtual Credit Card - VCC) सारमा भौतिक क्रेडिट कार्डजस्तै सुविधा प्रदान गर्ने, तर कुनै भौतिक स्वरूप नहुने पूर्ण रूपमा डिजिटल कार्ड हो । यो प्रयोगकर्ताको मोबाइल बैंकिङ एपभित्रै रहने एक डिजिटल माध्यम हो, जसले बैंकले तोकिदिएको क्रेडिट सीमाको अधीनमा रही भुक्तानी कारोबार गर्न सहज बनाउँछ । परम्परागत क्रेडिट कार्डमा जस्तै यसमा खर्च भएको रकम कार्डबाहकले निश्चित समयपछि बैंक वा वित्तीय संस्थालाई तोकिएको रकम चुक्ता गर्नुपर्ने हुन्छ । यसको मुख्य उद्देश्य क्रेडिट सुविधाको प्रयोगलाई थप सजिलो, सुरक्षित र भौतिक कार्डको झन्झटमुक्त बनाउनु हो ।

भर्चुअल क्रेडिट कार्डका विशेषताहरू

भर्चुअल क्रेडिट कार्डको सबैभन्दा ठूलो विशेषता यसको अभौतिक स्वरूप हो । भर्चुअल क्रेडिट कार्डका मुख्य विशेषतालाई देहायका बुँदाबाट स्पष्ट पार्न सकिन्छ:

- यो कार्ड बैंकको शाखामा नगई मोबाइल बैंकिङ एपबाटै छोटो समयमै प्राप्त गर्न र सक्रिय गर्न सकिन्छ ।
- यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालकसँगको सहकार्यमा यसलाई सिधै क्यूआर कोड स्क्यान गरेर भुक्तानी गर्न प्रयोग गरिन्छ, जसले स्वीकार्यता (Acceptance) को दायरा फराकिलो बनाउँछ ।
- प्रयोगकर्ताले आफ्नो मोबाइल बैंकिङ एपबाटै कार्ड व्यवस्थापन, सीमा नियन्त्रण (Limit Control) गर्न सक्ने एवम् खर्चको विवरण (Statement) वास्तविक समयमा प्राप्त गर्न सक्छन् ।
- कार्डको लागि आवेदनदेखि प्रयोगसम्मको सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा डिजिटल र कागजरहित हुन्छ ।

भर्चुअल क्रेडिट कार्डका प्रमुख फाइदाहरू

भर्चुअल क्रेडिट कार्डका धेरै फाइदा छन्, जसले यसलाई परम्परागत कार्डभन्दा फरक र उपयोगी बनाउँछ:

- भुक्तानी सेवा प्रदायकको नेटवर्कमा आबद्ध लाखौं साना पसल, व्यापारी र ठूला स्टोरहरूमा क्यूआर कोड स्क्यान गरेर भुक्तानी गर्न सकिने भएकाले यसको पहुँच सहरदेखि ग्रामीण क्षेत्रसम्म पुगेको छ ।
- भौतिक कार्ड जस्तो बोक्दा हराउने चिन्ता हुँदैन ।
- मोबाइल बैंकिङ एपबाटै मर्चेन्ट क्यूआरको प्रयोग गरी रकम भुक्तानी गर्न सकिन्छ, जसले प्रयोगकर्ताको समयको बचत गर्छ ।
- यसले ग्राहकलाई ४५ दिनसम्मको ब्याजमुक्त ऋण सुविधा (Interest-Free Credit Facility) प्रदान गर्छ, जसले प्रयोगकर्तालाई आफ्नो खर्च व्यवस्थापनमा सहजता प्रदान गर्दछ ।
- अन्तर्राष्ट्रिय क्रेडिट कार्डको तुलनामा नेपालको आफ्नै कार्ड स्किममा लाग्ने शुल्क (Merchant Discount Rate (MDR) निकै कम हुने भएकाले व्यावसायीलाई पनि फाइदा हुन्छ ।

भर्चुअल क्रेडिट कार्डका जोखिमहरू

विद्युतीय भुक्तानी कारोबारमा पछिल्लो समयमा धेरै जोखिमहरू देखिएका छन् । यस्ता जोखिमहरू भर्चुअल क्रेडिट कार्डको प्रयोगमा समेत लागु हुने गर्दछन् । यस्ता जोखिमलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ:

- मोबाइल बैंकिङ एप वा फोन ह्याक गरी वा फिसिङ (Phishing) को माध्यमबाट कार्डको विवरण र क्रेडिट सीमा दुरुपयोग हुन सक्छ ।
- मोबाइल हराएमा, चोरी भएमा वा एपमा पर्याप्त सुरक्षा (जस्तै: पिन/बायोमेट्रिक) नभएमा अनधिकृत प्रयोगको सम्भावना रहन्छ ।
- क्रेडिट सुविधाको अत्यधिक प्रयोगले प्रयोगकर्तालाई अनावश्यक ऋणको बोझ (Debt Burden) मा पार्न सक्छ । तोकिएको समयमा चुक्ता गर्न नसकेमा उच्च ब्याज र जरिवाना लाग्न सक्छ ।
- प्रणालीमा आउन सक्ने अवरोधका कारणले भुक्तानी समयमै नहुने जोखिम हुन सक्छ ।
- वित्तीय जानकारीको अभावमा विभिन्न अवरोधहरू झेल्नुपर्ने जोखिम निम्तिन सक्छ ।

जोखिम न्यूनीकरणका उपाय

माथि उल्लिखित जोखिमलाई कम गर्न देहायका उपाय अपनाउन सकिन्छ:

- मोबाइल बैंकिङ एपको लागि सधैं बलियो र गोप्य पिन/पासवर्ड प्रयोग गर्ने र बायोमेट्रिक (Biometric) प्रमाणीकरणलाई अनिवार्य गर्ने ।
- आवश्यकता अनुसार क्रेडिट सीमा निर्धारण गर्ने सुविधा प्रयोग गरी जोखिम नियन्त्रण गर्न सकिने ।
- एपबाटै खर्चको विवरण लगातार जाँच गर्ने ।
- कुनै शङ्कास्पद कारोबार भएमा तुरुन्त बैंकलाई जानकारी गराउने ।
- भुक्तानी गर्दा सधैं सुरक्षित र भरपर्दो इन्टरनेट नेटवर्क प्रयोग गर्ने ।
- कारोबार गर्दा मर्चेन्टको सम्पूर्ण विवरण जाँच गरेर मात्र भुक्तानी गर्ने ।

नेपालमा भर्चुअल क्रेडिट कार्डको विकासका लागि नेपाल राष्ट्र बैंकको प्रयास

नेपाल राष्ट्र बैंकले भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ जारी गरी भुक्तानी कारोबारमा प्रयोग हुने उपकरणको व्यवस्था गरेको छ । भुक्तानी प्रणाली विभागले जारी गरेको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१ को निर्देशन नं १ बाट विद्युतीय भुक्तानी कार्ड जारी गर्नुपूर्व यस सम्बन्धमा आवश्यक नीति पारित गर्नुपर्ने, विद्युतीय भुक्तानी सेवा सञ्चालन र सुरक्षा तथा जोखिम व्यवस्थापनलगायतका

मापदण्ड सम्बन्धमा यस बैंकबाट समयसमयमा जारी गरिएका निर्देशनको पालना गर्नुपर्ने व्यवस्थासहित यस बैंकबाट अनुमतिपत्रप्राप्त 'क' तथा राष्ट्रियस्तरका 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड (Physical र Virtual) लगायतका विद्युतीय भुक्तानी कार्ड जारी गर्नसक्ने व्यवस्था समेत गरेको छ।

यस्ता कार्ड स्किमको सञ्चालन गर्न भुक्तानी प्रणाली सञ्चालकले राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्छ। हाल अनुमतिपत्रप्राप्त आठ वटा भुक्तानी प्रणाली सञ्चालकमध्ये विदेशमा दर्ता भएका तीन र स्वदेशमा दर्ता भएका तीन गरी जम्मा छ वटा भुक्तानी प्रणाली सञ्चालक संस्थाले कार्ड स्किम सञ्चालनको स्वीकृति प्राप्त गरेका छन्। राष्ट्र बैंकले नेपाल क्लियरिङ हाउस लिमिटेडलाई 'डोमेस्टिक कार्ड स्किम' अन्तर्गत नेपाल पे कार्डका स्विचिङसम्बन्धी सेवा र फोन पे पेमेन्ट सर्भिस लिमिटेडलाई भर्चुअल क्रेडिट कार्डको स्विचिङसम्बन्धी सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गरेको छ।

नेपालमा भर्चुअल क्रेडिट कार्डको प्रयोग

नेपालमा डिजिटल भुक्तानीको क्षेत्रमा फोनपे पेमेन्ट सर्भिस लिमिटेडले विभिन्न वाणिज्य बैंक तथा वित्तीय संस्थासँगको सहकार्यमा 'फोनपे भर्चुअल क्रेडिट कार्ड' सेवाको सुरुआत गरेको छ। यसको सुरुआत सन् २०२४ अप्रिल २२ मा सिटिजन्स बैंक इन्टरनेसनलले गरेको हो। यो नेपालको पहिलो पूर्ण रूपमा भर्चुअल क्रेडिट कार्ड योजना हो। यसले भौतिक कार्डको आवश्यकतालाई हटाउँदै क्रेडिट कार्डको सुविधालाई मोबाइल बैंकिङ एपमार्फत सिधै उपभोक्तामाझ ल्याएको छ।

कम्पास प्लस टेक्नोलोजी (Compass Plus Technologies) र यसको पुरस्कार विजेता भुक्तानी प्लेटफर्म ट्रान्जएक्सिस (TranzAxis) सँगको सहकार्यमा विकसित गरिएको यो सेवा नेपालका वित्तीय संस्थाका लागि सुरक्षित, लचिलो र लागत-प्रभावी डिजिटल क्रेडिट सेवा प्रदान गर्न डिजाइन गरिएको छ, जसले अन्तर्राष्ट्रिय कार्ड सञ्जालले प्रदान गर्ने परम्परागत सेवाको तुलनामा एक बलियो स्थानीय विकल्प प्रस्तुत गरेको छ। उक्त कार्ड फोनपेको नेटवर्कमा आबद्ध भएका बैंक तथा वित्तीय संस्था एवम् भुक्तानी सेवा प्रदायक संस्थाले जारी गरेका क्यूआर मर्चेन्टमार्फत वस्तु तथा सेवा खरिदबापतको रकम भुक्तानी गर्न सकिन्छ।

फोनपे भर्चुअल क्रेडिट कार्ड लिनको लागि ग्राहकको योग्यता कार्ड जारी गर्ने बैंकको नीति र क्रेडिट मूल्याङ्कन प्रक्रियामा निर्भर गर्दछ। भर्चुअल क्रेडिट कार्ड जारी गर्दा आवश्यक पर्ने आधारभूत विषयहरू निम्नबमोजिम हुन सक्छन्:

- जारी गर्ने बैंकको मौजुदा ग्राहक हुनुपर्ने,
- बैंकमा स्थिर आयस्रोत वा तलब खाता हुनुपर्ने,
- सन्तोषजनक क्रेडिट इतिहास र कारोबारको रेकर्ड हुनुपर्ने,
- बैंकसँग मुद्दती निक्षेप (Fixed Deposit) राखेको वा ऋणीको सम्बन्ध कायम राखेको हुनुपर्ने।

नेपालमा भर्चुअल क्रेडिट कार्डको प्रयोग व्यापक भई समग्र डिजिटल भुक्तानी प्रणाली सशक्त र समावेशी बन्न सक्छ। यसले नेपाली अर्थतन्त्रलाई डिजिटलाइजेसनको दिशामा थप गतिशील बनाउन मद्दत पुऱ्याउनेछ।

फोनपेले विकास गरेको भर्चुअल क्रेडिट कार्ड हाल नेपालका विभिन्न वाणिज्य बैंक र वित्तीय संस्थाहरूले जारी गरेका छन्। कार्ड जारी गर्ने मुख्य संस्थामा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कुमारी बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, लक्ष्मी सनराइज बैंक लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, महालक्ष्मी विकास बैंक लिमिटेड, गरिमा विकास बैंक लिमिटेड, शाइन रेसुङ्गा विकास बैंक लिमिटेड रहेका छन्।

हालसम्म फोनपेको नेटवर्कमा आबद्ध बैंक तथा वित्तीय संस्थाबाट जारी भएका कार्डको सङ्ख्या, कार्डमार्फत हुने कारोबारको विवरण देहायबमोजिम रहेको देखिन्छ:

यसै गरी, कार्डमार्फत भएको १४ प्रतिशत कारोबार डिपार्टमेन्ट स्टोरहरूमा, १२ प्रतिशत कारोबार क्लोदिङ स्टोरहरूमा, १० प्रतिशत कारोबार होटेल तथा रेस्टुरेन्टमा र बाँकी कारोबार अन्य मर्चेन्टमार्फत भएको देखिएको छ। फोनपेको नेटवर्कमा रहेका मर्चेन्टबाट भुक्तानी गर्दा ग्राहकलाई कुनै पनि शुल्क लाग्दैन भने रु.२,००० सम्मको कारोबारमा मर्चेन्टलाई समेत शुल्क नलाग्ने व्यवस्था गरेको छ भने सोभन्दा बढी रकमको कारोबारमा भने निश्चित प्रतिशत शुल्क लाग्छ।

नेपालमा भर्चुअल क्रेडिट कार्डको विस्तारका लागि चाल्नुपर्ने रणनीतिहरू

नेपालमा भर्चुअल क्रेडिट कार्डको विस्तारका लागि देहायका रणनीतिक कदमहरू चाल्नु उपयुक्त हुने देखिन्छ:

- डिजिटल साक्षरता र भर्चुअल क्रेडिट कार्डका फाइदाबारे व्यापक जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- साना तथा मझौला व्यवसाय (SMEs) र अनलाइन मर्चेन्टहरूमा क्यूआरमा आधारित क्रेडिट भुक्तानीको स्वीकार्यता बढाउने,
- मोबाइल बैंकिङ एपहरूमार्फत कार्डलाई सक्रिय गर्ने र प्रयोग गर्ने प्रक्रियालाई अझ सरल तथा प्रयोगकर्तामैत्री बनाउने,
- ह्याकिङ र फ्रडबाट बच्नका लागि प्रणालीमा उच्च स्तरको सुरक्षा प्रविधि (जस्तै: एआईमा आधारित फ्रड डिटेक्सन) लागू गर्ने,
- उपभोक्ताको आय र जोखिम प्रोफाइलअनुसार क्रेडिट सीमा र ब्याजदरमा लचिलोपन प्रदान गर्ने,
- वित्तीय पहुँच नपुगेका वा औपचारिक क्रेडिट सुविधा नभएका ग्रामीण क्षेत्रका योग्य ग्राहकलाई लक्षित गर्ने,
- सरकारी शुल्क र सेवाको भुक्तानीमा भर्चुअल क्रेडिट कार्डको प्रयोगलाई प्रोत्साहन गर्ने नीति ल्याउने,
- अन्तर्राष्ट्रिय कार्डको तुलनामा कम कारोबार शुल्क (MDR) र वार्षिक शुल्क कायम गरी आकर्षक बनाउने,
- गैर-बैंकिङ वित्तीय संस्थाहरू (NFIs) र फिनटेक कम्पनीसँग सहकार्य गरी यसको पहुँच विस्तार गर्ने,
- नेपाल राष्ट्र बैंकले भर्चुअल क्रेडिट र ऋणसम्बन्धी नियमनलाई समयसापेक्ष थप स्पष्ट र सशक्त बनाउने,

अन्त्यमा, यी रणनीतिक कदमहरू अपनाउँदा नेपालमा भर्चुअल क्रेडिट कार्डको प्रयोग व्यापक भई समग्र डिजिटल भुक्तानी प्रणाली सशक्त र समावेशी बन्न सक्छ। यसले नेपाली अर्थतन्त्रलाई डिजिटलाइजेसनको दिशामा थप गतिशील बनाउन मद्दत पुऱ्याउनेछ। ■

कार्डसम्बन्धी विवरण	सङ्ख्या
हालसम्म जारी भएका कार्डहरू	२०,०००
कार्डमार्फत हुने औसत दैनिक कारोबार सङ्ख्या	५,०००
कार्डमार्फत हुने औसत दैनिक कारोबार रकम	रु.१ करोड
हालसम्म जारी भएको क्रेडिट सीमा	रु.७५ करोड
हालसम्म भएको कुल कारोबारको रकम	रु.१ अर्ब १५ करोड
कार्ड जारी भएका जिल्लाहरू	७७ वटा
कारोबार स्वीकार गर्ने मर्चेन्टको सङ्ख्या	१ लाख

स्रोत: फोनपे पेमेन्ट सर्भिस लिमिटेड

डडेल्धुरा र विराटनगरमा नोटकोष सञ्चालनसम्बन्धी अन्तरक्रिया

धनगढी कार्यालयले पुस ६ गते डडेल्धुरामा 'नोटकोष सञ्चालन निर्देशिका तथा कारोबारको रिपोर्टिङ' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयको कार्यक्षेत्रअन्तर्गतका वाणिज्य बैंकका शाखा प्रबन्धक र क्यासियरहरूको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा कार्यालयका सहायक निर्देशक हरिलाल भट्टले नोटकोष सञ्चालन निर्देशिका तथा कारोबारको रिपोर्टिङका सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले नोटकोष व्यवस्थापन निर्देशिकाका उल्लिखित नोटकोष स्थापना र स्थानान्तरणसम्बन्धी व्यवस्था, ढुकुटीको भौतिक पूर्वाधार मापदण्ड नोटकोष सञ्चालन विधि, नोटको व्यवस्थापन, नोटकोष कारोबारको रिपोर्टिङलगायतका विषयमा जानकारी दिनुभयो ।

कार्यालयका निर्देशक केशवबहादुर केसीले नोटकोष व्यवस्थापन निर्देशिकामा रहेका विद्यमान व्यवस्थाबारे थप स्पष्ट पार्दै सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभयो । सो अवसरमा

कार्यालयका उप-निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रमको स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक राघवेन्द्रकुमार मण्डलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, विराटनगर कार्यालयले पुस ८ गते 'नोटकोष सञ्चालनका व्यवहारिक तथा नीतिगत समस्याहरू' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

निर्देशक शैलेन्द्र रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा विराटनगर कार्यालयको कार्यक्षेत्रभित्र रहेका नोटकोष सञ्चालन गर्ने नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा विराटनगर कार्यालयका उप-निर्देशक अच्यूतकुमार थापाले नोटकोष सञ्चालन निर्देशिका र मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक रेशमबहादुर बल्छौडीले नोटकोष कारोबार व्यवस्थापनका व्यावहारिक तथा नीतिगत समस्यासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा निर्देशक रेग्मीले नोटकोष सञ्चालन कार्य संवेदनशील रहेको उल्लेख गर्दै सम्बद्ध बैंकहरूलाई निर्देशिकाको मापदण्डबमोजिम नोटकोष सञ्चालन गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक अनिष गुरागाईंले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक सुजनकुमार विश्वकर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

तनहुँमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

पोखरा कार्यालयले पुस ८ गते तनहुँको दमौलीमा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयबाट तयार हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदनका निम्ति तथ्याङ्क उपलब्ध गराउने निकाय र संघ-संस्थाका प्रतिनिधिको सहभागितामा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा तनहुँस्थित सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय क्याम्पसका प्रमुख, उद्योग वाणिज्य संघ, होटेल एसोसिएसनका प्रतिनिधि, वाणिज्य बैंकका शाखा प्रबन्धकलगायतको सहभागिता थियो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका निर्देशक माधव दंगालले आर्थिक तथ्याङ्कको महत्त्व तथा उपादेयता र पोखरा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले गण्डकी प्रदेशमा तथ्याङ्क सङ्कलनको अवस्था र समस्याबारे वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका निर्देशक केशवप्रसाद तिमिल्सिनाले सहज रूपमा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्न सरोकारवाला निकायका प्रतिनिधिहरूसँग अनुरोध गर्नुभयो । कार्यक्रममा कार्यालयका सहायक निर्देशक तारा पोखरेल शर्माले स्वागत मन्तव्य राख्दै गोष्ठीको औचित्यबारे प्रकाश पार्नुभयो भन प्रधान सहायक अमृता पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

रुकुम पश्चिममा सफा नोट नीतिसम्बन्धी गोष्ठी

सुर्खेत कार्यालयले पुस ७ गते रुकुम पश्चिमको मुसीकोटमा 'सफा नोट नीति, नेपाली नोटको सुरक्षा विशेषता, शङ्कास्पद नोट पहिचान तथा नियन्त्रणका लागि चाल्नुपर्ने कदम'का विषयमा गोष्ठी आयोजना गऱ्यो।

मुद्रा व्यवस्थापन विभागको समन्वयमा आयोजित कार्यक्रममा रुकुम पश्चिमस्थित बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, सहकारी संस्था, विप्रेषण कारोबार गर्ने संस्था, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा मुद्रा व्यवस्थापन विभागका निर्देशक सुदिप फुयालले सफा नोट नीति, नेपाली नोटको सुरक्षा विशेषता, शङ्कास्पद नोट पहिचान तथा नियन्त्रणको लागि चाल्नुपर्ने कदमबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। निर्देशक फुयाल र सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो।

सो अवसरमा प्रमुख रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक केशवबहादुर विष्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

सिद्धार्थनगरमा चालु पुँजी कर्जाको प्रभावकारितासम्बन्धी अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले पुस ३ गते भैरहवामा लुम्बिनी प्रदेशमा चालु पुँजी कर्जाको प्रभावकारिता विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

रुपन्देही नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु जिल्लाका उद्योगी, व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र अन्य सरोकारवालाको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक विपिनकुमार महतोले चालु पुँजी कर्जा मार्गदर्शनमा उल्लिखित व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो भने सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक मौसमी मल्ल र प्रधान सहायक दिपक गौतमले विशेष अध्ययनको प्रस्तावनामा समेटिएका विषयवस्तु र पाइलट परीक्षणमार्फत प्राप्त प्रारम्भिक नतिजाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा कार्यालयका निर्देशक रमेश आचार्यले सहभागीका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक कृष्णप्रसाद भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

प्रदेशको सरकारी कारोबारमा देखिएका समस्यासम्बन्धी गोष्ठी

जनकपुर कार्यालयले पुस १४ गते 'प्रदेशको सरकारी कारोबारमा देखिएका समस्या र सोको समाधान' विषयक गोष्ठी आयोजना गऱ्यो ।

बैंकिङ विभागसँगको समन्वयमा आयोजित कार्यक्रममा कार्यालयको कार्यक्षेत्र भित्रका सरकारी कारोवार गर्ने बैंक तथा वित्तीय संस्था, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा बैंकिङ विभागका उप-निर्देशक नवीन तिमिल्सिना र प्रदेश लेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत रामलोचन साहले वार्ता प्रस्तुत गर्नुभयो । यसै गरी, जनकपुर कार्यालयका सहायक अञ्जली साहले 'प्रदेशको सरकारी कारोबारमा देखिएका समस्या र सोको समाधान' सम्बन्धी वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका का.मु. निर्देशक पुनिता मण्डलले समापन मन्तव्य राख्नुभयो । कार्यालयका का.मु. उप-निर्देशक प्रियङ्का ठाकुरले स्वागत मन्तव्य राख्नुभयो भने सहायक पूजा पजियारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

बैंकको अवलोकन तथा वित्तीय साक्षरता कार्यक्रम

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले पुस ३ गते विद्यालय तहका विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

काठमाडौंको बुढानीलकण्ठस्थित टुनग्राम इन्टरनेसनल एकेडेमीका ३४ जना छात्रछात्राको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । यस क्रममा विद्यार्थीलाई बालुवाटारस्थित केन्द्रीय बैंकको अवलोकन भ्रमण गराई वित्तीय साक्षरताका विविध पक्षबारे जानकारी गराइएको थियो । सो अवसरमा महाशाखाका सहायक निर्देशक प्रतीक्षा रिजालले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, बचत, लगानी, कर्जा, विप्रेषण, बीमा, वित्तीय अनुशासन, डिजिटल भुक्तानीलगायतका विषयमा विद्यार्थीहरूलाई जानकारी दिनुभयो ।

सो अवसरमा महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

यसै गरी, महाशाखाले मङ्सिर १० गते कीर्तिपुरस्थित त्रिवि, स्कूल अफ म्यानेजमेन्टमा एमबीए तहमा अध्ययनरत विद्यार्थीलाई बैंकको अवलोकन भ्रमण र वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक इन्द्रत्रिविक्रम पहारीले सहभागीलाई वित्तीय साक्षरताका विविध पक्षबारे जानकारी गराउनुभयो भने सहायक निर्देशक सत्येन्द्रमणि त्रिपाठीले राष्ट्र बैंकका उद्देश्य र मुख्य कार्य, भूमिकाबारे चर्चा गर्नुभएको थियो । ■

प्रदेशस्थित कार्यालयमा समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम

विराटनगर कार्यालय

नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयमा पुस महिनामा समसामयिक बैंकिङ तथा वित्तीय विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन् ।

यसै सन्दर्भमा विराटनगर कार्यालयले पुस ७ गते सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा वित्तीय क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा मोरङका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, वाणिज्य बैंकका प्रदेश प्रमुख, कोशी प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत र प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा कार्यालयका उप-निर्देशक दिलबहादुर सुब्बाले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षाबाट भएका नीतिगत व्यवस्थाबारे प्रस्तुति दिनुभयो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्थाका सहभागीका तर्फबाट पछिल्लो समय बैंकिङ क्षेत्रमाथि शृङ्खलाबद्ध रूपमा भइरहेका आक्रमणबाट कर्मचारीको मनोबल खस्किएको गुनासो राखिएको थियो । कार्यक्रममा मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले बैंक तथा वित्तीय संस्थामा वित्तीय अनुशासन सबल हुनुपर्ने उल्लेख गर्दै कर्जा प्रवाह गर्दा ऋणीको तिर्नसक्ने क्षमतालाई विश्लेषण गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो । प्रहरी उपरीक्षक कवित कटवालले बैंकिङ कसुर र अपराधजन्य घटनामा सुरक्षा व्यवस्था गर्न प्रहरी कार्यालय प्रतिबद्ध रहेको जनाउँदै सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय हुनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा समापन मन्तव्य राख्दै निर्देशक रेग्मीले आगामी दिनमा सरोकारवालासँग नियमित सहकार्य र समन्वय गरिने जानकारी दिनुभयो । कार्यालयका सहायक निर्देशक सुनिल अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपालगञ्ज कार्यालयले पुस ८ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । निर्देशक नारायणप्रसाद पोखेलको संयोजकत्वमा आयोजित कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा निर्देशक पोखेलले मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रस्तुति दिँदै सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका उप-निर्देशक लवली श्रीवास्तवले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

यसै गरी, सुर्खेत कार्यालयले पुस १८ गते कर्णाली प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुखहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सो अवसरमा सहभागीहरूबीच वित्तीय क्षेत्रको समग्र स्थिति, कर्णाली प्रदेशस्थित वाणिज्य बैंकको निक्षेप, लगानी, निष्क्रिय कर्जाको स्थिति, कर्जा असुली, गैर-बैंकिङ सम्पत्ति, डिजिटल बैंकिङ, संस्थागत सामाजिक उत्तरदायित्वलगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा नेपाल बैंकर्स एसोसियसन, कर्णाली प्रदेश कमिटीका संयोजक दिवाकरदत्त जोशीले मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले धन्यवाद ज्ञापनसहित समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सागर मालाकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

जनकपुर कार्यालयले पुस २१ गते समसामयिक बैंकिङ तथा वित्तीय विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सुर्खेत कार्यालय

कार्यालयका निर्देशक डिलाराम सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा बैंकिङ क्षेत्रको अवस्था, वित्तीय साक्षरता र अन्य समसामयिक विषयमा केन्द्रित रहेर छलफल गरिएको थियो । कार्यक्रममा सहभागीका तर्फबाट बैंकिङ क्षेत्रका विद्यमान समस्या र समाधानका उपायबारे आ-आफ्नो धारणा राखिएको थियो ।

सो अवसरमा निर्देशक सुवेदीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै स्वागत मन्तव्य राख्नुभयो भने सहायक शिवराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

जनकपुर कार्यालय

कर्मचारीको मनोबल अभिवृद्धिसम्बन्धी कार्यक्रम

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले मङ्सिर २७ गते काठमाडौंमा आफ्ना कर्मचारीको मनोबल अभिवृद्धिका सन्दर्भमा एक कार्यक्रम आयोजना गर्‍यो ।

कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको उपस्थितिमा आयोजित कार्यक्रममा ५८ जना विभागका कर्मचारीको सहभागिता थियो । सो अवसरमा जीवन विज्ञान प्रतिष्ठानका प्रशिक्षकद्वय प्रा.डा. दीपक रेग्मी र मनोविमर्श विज्ञ डा. आरती चन्द रेग्मीले प्रशिक्षण दिनुभयो । त्यस क्रममा उहाँहरूले तनावरहित ढङ्गले कार्यसम्पादन गर्न दैनिक योग, प्राणायाम र ध्यान आवश्यक हुने उल्लेख गर्दै तिनका सैद्धान्तिक र प्रयोगात्मक पक्षबारे जानकारी दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले यस्ता कार्यक्रमले कर्मचारीको मनोबल बढाउन सहयोग पुग्ने धारणा राख्नुभयो । सो अवसरमा विभागका निर्देशक गिरिजाप्रसाद कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक बद्रीप्रसाद खकुरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

विराटनगरमा तनाव व्यवस्थापन कार्यक्रम

विराटनगर कार्यालयले मङ्सिर २७ गते तनाव व्यवस्थापन कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका कर्मचारीको सहभागितामा आयोजित कार्यक्रमको पहिलो सत्रमा जीवन विज्ञान, विराटनगरका प्रशिक्षकमार्फत तनाव उत्पन्न हुने कारण, तनावका विविध आयाम र तनाव व्यवस्थापनका उपायबारे प्रशिक्षण दिइएको थियो ।

सो अवसरमा उहाँहरूले योग (शारीरिक) र ध्यान (मानसिक) को महत्त्व सम्बन्धमा प्रयोगात्मक अभ्याससमेत गराउनुभएको थियो । कार्यक्रममा निर्देशक रेग्मीले नियमित योग र ध्यानको अभ्यासले कर्मचारीहरूमा सकारात्मक सोचको विकास भई तनाव व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमको दोस्रो सत्रमा विभिन्न खेल तथा मनोरञ्जनात्मक गतिविधि सञ्चालन गरिएको थियो । ■

ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

जनकपुर कार्यालय

विभिन्न विभाग/कार्यालयले पुस महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै सन्दर्भमा जनकपुर कार्यालयले पुस ३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका उप-निर्देशक स्नेहा अग्रवालले 'Contribution of Central Bank Employees in Expanding Banking Awareness' विषयमा वार्ता प्रस्तुत गर्नुभयो।

वित्तीय संस्था सुपरिवेक्षण विभागले पुस ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विभागका उप-निर्देशक राकेश प्रजापतिले 'Making Supervision Effective' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले राष्ट्र बैंकको सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउनका निम्ति सुपरिवेक्षणका आधार, जोखिम पहिचान तथा मूल्याङ्कन पद्धति र कार्यान्वयन संयन्त्रलाई थप सुदृढीकरणका निम्ति गर्नुपर्ने प्रयासबारे जानकारी दिनुभयो।

यसै गरी, सिद्धार्थनगर कार्यालयले पुस १७ गते 'लुम्बिनी प्रदेशमा चालु पुँजी कर्जाको

वित्तीय संस्था सुपरिवेक्षण विभाग


सिद्धार्थनगर कार्यालय

विराटनगर कार्यालय

प्रभावकारिता' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक मौसमी मल्लले अध्ययनको उद्देश्य, महत्त्व, सीमा, अध्ययन विधिलगायतका विषयमा जानकारी दिनुभयो । साथै, सहायक निर्देशक कृष्णप्रसाद भट्टराईले चालु पुँजी कर्जा उपभोग गरेका ऋणीसँग सोधिने प्रश्नावलीको सम्बन्धमा चर्चा गर्नुभयो भने प्रधान सहायक दीपक गौतमले पाइलट परीक्षणबाट प्राप्त प्रारम्भिक नतिजाका बारेमा चर्चा गर्नुभएको थियो ।

विराटनगर कार्यालयले पुस २२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक दिलबहादुर सुब्बाले 'मनिचेन्जरले पालना गर्नुपर्ने सम्पत्ति शुद्धीकरण निवारणका नीतिगत व्यवस्था' विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

भुक्तानी प्रणाली विभागले पुस २० गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा विभागका उप-निर्देशक कर्ता श्रेष्ठले 'Cross Border Payments in Digital Age' र सहायक निर्देशक राजेश पनेरुले 'Regulatory Sandbox' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

धनगढी कार्यालय

त्यस क्रममा उहाँहरूले अन्तरदेशीय भुक्तानी र 'स्यान्डबक्स'को अवधारणा, यसको अन्तर्राष्ट्रिय अभ्यास, अन्तरदेशी भुक्तानी प्रवर्द्धनका लागि राष्ट्र बैंकले थालेका प्रयास, चुनौती र आगामी दिशाबारे चर्चा गर्नुभयो ।

धनगढी कार्यालयले पुस २३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका निर्देशक केशवबहादुर केसीले 'Essentials of Word Formatting for Report Writing' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले प्रतिवेदन लेखनका विविध पक्षबारे जानकारी दिँदै प्रतिवेदनलाई सरल, स्पष्ट, र प्रभावकारी बनाउने प्रयोगात्मक विधिबारे चर्चा गर्नुभएको थियो । ■

भुक्तानी प्रणाली विभाग

Major Financial Indicators

as on Mangshir End, 2082 (Mid-Dec, 2025)

		Class "A"	Class "B"	Class "C"	Overall
A. Credit, Deposit Ratios (%)					
1	Total Deposit/GDP	111.71	10.17	2.22	124.10
2	Total Credit/GDP	82.66	8.60	1.70	92.97
3	Total Credit/ Total Deposit**	74.00	84.62	76.65	74.91
4	CD Ratio*	73.16	84.25	76.69	74.12
5	Fixed Deposit/Total Deposit	44.23	41.38	63.17	44.33
6	Saving Deposit/Total Deposit	39.37	47.28	26.15	39.78
7	Current Deposit/Total Deposit	6.95	2.38	1.07	6.47
8	Call Deposit/Total Deposit	8.75	8.81	9.55	8.77
9	NPL/ Total Loan^	5.03	6.03	12.52	5.26
10	Total LLP /Total Loan	5.39	5.89	11.23	5.54
11	Deprived Sector Loan/Total Loan $^	5.28	6.11	5.38	5.36
B. Liquidity Ratios (%)					
1	Cash & Bank Balance/Total Deposit	8.14	6.33	7.07	7.97
2	Investment in Gov. Securities/Total Deposit	14.42	14.06	11.71	14.34
3	Total Liquid Assets/Total Deposit	23.25	21.72	23.10	23.13
C. Capital Adequacy Ratios (%)					
1	Core Capital/RWA	9.67	10.16	9.99	9.72
2	Total Capital/RWA	12.80	13.21	12.44	12.82
D. Financial Access					
1	No. of institutions	20	17	17	54
2	No. of Branches	5,105	1,131	291	6,527
3	No. of Deposit Accounts	52,842,827	7,652,061	1,057,099	61,551,987
4	No.of Loan Accounts	1,669,894	265,815	77,285	2,012,994
5	No. of Branchless Banking Centers	784	4	-	788
6	No. of Branchless Banking Customers	275,340	547	-	275,887
7	No. of Mobile Banking Customers	24,764,655	3,796,474	313,817	28,874,946
8	No. of Internet Banking Customers	1,686,891	601,041	19,557	2,307,489
9	No. of ATMs	4,896	339	39	5,274
10	No. of Debit Cards	12,566,141	1,285,252	80,010	13,931,403
11	No. of Credit Cards	318,370	3,565	-	321,935
12	No. of Prepaid Cards	263,833	4,402	-	268,235

E. Interest Rate(%)		
1	**Wt. Avg Interest Rate on Deposit**	**3.66**
	(a) Saving	2.97
	(b) Fixed	5.32
	(c) Call	0.84
2	**Wt. Avg Interest Rate on Credit**	**7.26**

Note:

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asoj end of FY2082/83 (2025/26)

$$\text{*CD Ratio} = \frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

$$\text{**Total Credit / Total Deposit} = \frac{Total\ Credit}{Total\ Deposit}$$ (As per balance sheet)

केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ पुस महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले पुस १३ गते थापाथलीमा 'Interaction on Training Facilitation (ToT)' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तीन वटा सत्रमा सञ्चालित उक्त तालिममा १२ जना कार्यकारी निर्देशक र १८ जना निर्देशकहरूको सहभागिता थियो। त्यस क्रममा प्रभावकारी सिकाइ र सीप हस्तान्तरण, उपयुक्त तालिम विधि र तालिम सहजीकरणका विविध विषयलाई समेटिएको थियो। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका विज्ञ प्रशिक्षकद्वय उत्तम आचार्य र विनोद विष्टले सहभागीहरूलाई प्रशिक्षण दिनुभएको थियो।

केन्द्रले पुस २० देखि २२ गतेसम्म थापाथलीमा अधिकृत/सहायकस्तरीय 'Foreign Exchange Management in Nepal' विषयक तालिम सञ्चालन गऱ्यो। नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत ३० जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई नेपालमा विदेशी विनिमय व्यवस्थापनको समग्र स्थिति, विदेशी विनिमय कारोबारको इजाजत प्रक्रिया, विदेशी लगानी र ऋण, विदेशी विनिमय सटही सुविधा, विदेशी मुद्रामा लिइने ऋण र बैंक ग्यारेन्टी, विनिमय सञ्चिति लगानी तथा व्यवस्थापन, वैदेशिक व्यापारका विविध पक्षबारेप्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले पुस ३ र ४ गते विराटनगरमा कार्यालय सहयोगीका निम्ति तालिम कार्यक्रम सञ्चालन गऱ्यो। उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३५ जना कार्यालय सहयोगीहरूको सहभागिता थियो। ■

भट्टराई कार्यकारी निर्देशकमा बढुवा

कानुन महाशाखाका निर्देशक राजेन्द्र भट्टराई अधिकृत विशिष्ट (कार्यकारी निर्देशक) पदमा बढुवा हुनुभएको छ। नेपाल राष्ट्र बैंक सञ्चालक समितिको २०८२ पुस ७ गते बसेको बैठकको निर्णयबाट उहाँ कार्यकारी निर्देशकमा बढुवा हुनुभएको हो।

बढुवासँगै उहाँ वित्त व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ। भट्टराई २०५३ चैत २७ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ। ■

कार्यकारी निर्देशक खनालको अवकाश

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक विमलराज खनालले २०८२ पुस ७ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ।

२०५४ मङ्सिर २२ गते बैंक सेवा प्रवेश गर्नुभएका खनालले वित्त व्यवस्थापन विभागसँगै गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभागको नेतृत्व सम्हाल्नुभएको थियो। उहाँले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

प्रकाशक
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

सम्पादक
डा. सञ्जयप्रसाद मिश्र

सम्पादन सहयोगी
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

ले-आउट
संजीव दाहाल